# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३२०/२०७१/०७२

अर्घाखाँची जिल्ला पत्थरकोट ठाडा-५ बस्ने मुक्तिनाथ भुसाल ........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, पत्थरकोट इलाका हुलाक कार्यालय, कपिलवस्तु ....................................१ विपक्षी

सूचना अधिकारी, पत्थरकोट इलाका हुलाक कार्यालय, कपिलवस्तु ....................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

अर्घाखाँची जिल्ला पत्थरकोट ठाडा-५ बस्ने मुक्तिनाथ भुसालले पत्थरकोट इलाका हुलाक कार्यालय, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।२६ मा निवेदन गरेको र यस आयोगबाट खुलाई पठाई दिनु भनी मिति २०७१।१२।२९ को पत्रद्वारा आग्रह गरिए बमोजिम पत्थरकोट इलाका हुलाक कार्यालय, कपिलवस्तुको मिति २०७१।१२।२०, च.नं.४९ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई हुलाकबाट उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएको निजले माग गरेको विवरण उपलब्ध नै नभएको अवस्थामा पुन: निजले सोही व्यहोरा खुलाई निवेदन/पुनरावेदन दिएमा अग्रिम कारवाही गर्न सकिने नै हुँदा हाललाई यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।